# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८१।०३।०७ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दा।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको सम्बन्धी मुद्दामा आयोगको निर्णय अनुसार मिति २०८१।०३।०७ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

प्रवक्ता
नरहरि घिमिरे

**देहायः**

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | ऋषिराम अर्याल, लक्ष्मीदेवी उपाध्याय अर्याल, सुशिल अर्याल र सुनिल अर्याल (विशेष अदालतको मुद्दा नं. ०७६-CR-०३६८ र फैसला मिति २०८०/०६/०२) | गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको। | प्रतिवादी ऋषिराम अर्यालले निज सार्वजनिक सेवा प्रवेश गरेको मिति २०३५/०६/०३ गतेदेखि मिति २०७६ असार मसान्तसम्मको जाँच अवधिमा वैध आय आर्जन गरेको रकम **रु. ८,७७,२७,४८३।— (आठ करोड सतहत्तर लाख सत्ताइस हजार चार सय तिरासी मात्र)** को तुलनामा विभिन्न शीर्षकहरुमा गरिएका लगानी तथा खर्च **रु. २६,६०,६९,०६२।— (अक्षेरेपि छब्बीस करोड साठी लाख उनान्सत्तरी हजार बैसाठी मात्र)** देखिँदा निजको आयभन्दा बढी खर्च गरेको रकम **रु. १७,८३,४१,५७९।— (अक्षेरेपि सत्र करोड तिरासी लाख एकचालिस हजार पाँच सय उनासी मात्र)** बराबरको सम्पत्तिको स्रोत खुलेको नदेखिएबाट उक्त सम्पत्ति गैरकानुनी रुपमा आर्जन गरेको देखिँदा प्रतिवादी | **फैसलाः**<br>आंशिक वादी दावी पुग्ने।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारः**<br>**आयतर्फः**<br>**(क) प्रतिवादी ऋषिराम अर्यालले अवकाश पश्चात प्राप्त गरेको निवृत्तिभरण आयः**<br>यस शीर्षकमा जाँच अवधिमा आयोगबाट प्रतिवादी ऋषिराम अर्यालले मिति २०७२/१२/२६ मा सेवा निवृत्त पश्चात निवृत्तिभरण (पेन्सन) प्राप्त गर्दै आएको देखिँदा प्रतिवादीले पेस गरेको निवृत्तिभरण अधिकार पत्र अनुसार निजले प्राप्त गरेको पेन्सन रकममा ३०% जीवन निर्वाह कट्टा गरी ७०% रकम रु. ६,७९,३५३।— यस शीर्षकमा गणना गरिएको। यस सम्बन्धमा, प्रतिवादीको जाँच अवधि २०७२/१२/२६ सम्म मात्र कायम भएको अवस्थामा सो मिति पश्चात पेन्सनको रुपमा प्राप्त गरेको रकमलाई प्रतिवादीको आयमा गणना गर्न मिल्ने नदेखिएको।<br>**(ख) जग्गा बिक्रीबाट प्राप्त वैध आय (बिक्री भए गरिएका जग्गाहरुको शुरु खरिद तथा प्रारम्भिक लगानीको स्रोत खुलेको भागको आय):**<br>▪ यस शीर्षकमा जाँच अवधिमा आयोगबाट प्रतिवादी ऋषिराम अर्याल र निजको श्रीमती समेतका नाममा दर्ता कायम रहने गरी खरिद गरिएका घरजग्गाहरु शुरु खरिद गर्दाका बखतका अवस्थामा निजको वैध आय र खरिद तथा सिर्जित चल अचल सम्पत्तिहरुमा भए गरेका लगानीको अनुपातमा खरिद गरिएका अधिकांश घरजग्गाहरु खरिद गरिएको बखतमा निजको वैध आयले खामेको नपाइएकोले आंशिक तथा पूर्ण रुपमा स्रोत खुलेको अर्थात निजको वैध आयले खामेका घरजग्गा बिक्रीबाट बढेबढाएको आयलाई स्रोत खुलेको भागअनुसार गणना गरी प्रतिवादीले आर्जन गरेको रु. ६८,५३,४९१।— निजको आयमा गणना गरिएको।<br>▪ यस सम्बन्धमा, प्रतिवादीको जाँच अवधिको समग्र आय व्ययको हिसाब गरेर मात्र सम्पत्तिको मूल्याङ्कन गर्नुपर्नेमा जाँच अवधिको बिचमा नै जग्गा खरिदमा स्रोत नपुगेको भनी जग्गा बिक्रीबाट प्राप्त रकमलाई आयमा गणना नगरेको तथा स्रोत पुगेको आधारमा आंशिक गणना गरेको कार्य न्यायिक अभ्यास तथा मान्यता विपरीत रहेको देखिएको।<br>▪ आरोपपत्रको पृष्ठ ८ मा "(ङ) बिक्री गरेको जग्गाको विवरण" मा उल्लिखित क्र.सं. १ देखि क्र.सं. ५७ सम्म अर्थात प्रतिवादी सेवा निवृत्त हुनु अगाडिसम्मको जग्गा बिक्री मूल्य रु. २,९८,४६,४५०।— रहेको देखिएको।<br>▪ प्रतिवादीले अदालतको बयानसाथ पेस गरेको अनुसूची ५ मा धापासी-८क कि.नं. ३८ को क्षेत्रफल २-०-०-० जग्गा कित्ताकाट भई कि.नं. १३२४ | **प्रस्तुत मुद्दामा वादी र प्रतिवादीको अन्यथा जिकिर नभएका तथा मुख मिलेका आय/व्ययतर्फका शीर्षकहरु बाहेक, सम्मानित विशेष अदालतबाट प्रतिवादी ऋषिराम अर्याल सेवा निवृत्त भएपछिको अवधिलाई जाँच अवधि कायम नगरी र देहाय बमोजिमका आय तथा व्ययतर्फका शीर्षकहरुमा आयोगले मूल्याङ्कन गरी कायम गरेको रकमलाई मान्यता नदिई अन्यथा तथा फरक अंक रकम कायम गरी भएको फैसला देहाय बमोजिमका कानुनी आधार र प्रमाणहरुबाट सो हदसम्म त्रुटिपूर्ण रहेको।**<br>**(अ) सम्मानित विशेष अदालतबाट प्रतिवादी ऋषिराम अर्याल सेवा निवृत्त भएपछिको अवधिलाई जाँच अवधि कायम नगरिएको सम्बन्धमाः**<br>▪ प्रस्तुत मुद्दामा अनुसन्धानको क्रममा प्रतिवादी ऋषिराम अर्यालले सार्वजनिक सेवामा प्रवेश गरेको मिति २०३५/०६/०३ गतेदेखि बहालमा रही आर्जित अवैध आयबाट जग्गा र शेयर खरिदमा तथा गैर-सरकारी संस्थाहरुमा रकम लगानी गरी प्राप्त प्रतिफल र बढे बढाएको सम्पत्तिको थप लगानी गरेको अवस्था देखिएकोले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १३ को उपदफा (२) बमोजिम प्रतिवादी ऋषिराम अर्याल सार्वजनिक सेवा प्रवेश गरेको मिति २०३५/०६/०३ गतेदेखि आ.व. २०७५/०७६ सम्मको (मिति २०७६ असार मसान्तसम्मको) अवधिलाई जाँच अवधि कायम गरी आय व्ययको मूल्याङ्कन र गणना गरिएको।<br>▪ प्रतिवादी ऋषिराम अर्यालले सार्वजनिक सेवाबाट मिति २०७२/१२/२६ गते अवकाश भएपछि नै आय व्ययको प्रवाह विवरण (Cash Flow Chart) अनुसार आ.व. २०७२/०७३ देखि आ.व. २०७५/०७६ सम्ममा जम्मा व्यय रु. १२,५८,३५,५९६।— र सोही अवधि सम्ममा जम्मा आय रु. ५,६७,३५,४५१।— देखिई जम्मा रु. ६,९१,००,१४५।— बराबरको सम्पत्तिको वैधानिक स्रोत निज प्रतिवादीले पुष्टि गर्न सकेको नदेखिँदा निज प्रतिवादीले सार्वजनिक पदमा मिति २०३५/०६/०३ गतेदेखि बहाल रहँदा गैरकानुनी रुपमा आर्जित सम्पत्ति व्ययका विभिन्न शीर्षकहरु अन्तर्गत लुकाई छिपाई राखी आफ्नो तथा एकासगोलको परिवारका सदस्यहरुको भोगचलनमा ल्याएकोले निज प्रतिवादीले मिति २०७२/१२/२६ मा सेवाबाट अवकाश प्राप्त गरेपछिको अवधि आ.व. २०७५/०७६ सम्मको (मिति २०७६ असार मसान्तसम्मको) समेत समावेश गरी जाँच अवधि कायम गरी आरोपपत्र दायर गरिएको।<br>▪ यसै सन्दर्भमा, सम्मानित सर्वोच्च अदालतको पूर्ण इजलासबाट *"...पदाधिकारीहरुको सार्वजनिक पदधारण अवधि पटक पटक टुटेको स्थितिमा पनि प्रथम सार्वजनिक पदधारणलाई प्रस्थान बिन्दु मानी अन्तिम* |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ऋषिराम अर्यालले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ एवम् प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसूर गरेको पुष्टि भएकोले **बिगो रु. १७,८३,४१,५७९।— (अक्षेरपि सत्र करोड तिरासी लाख एकचालिस हजार पाँच सय उनासी मात्र)** कायम गरी निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ मा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम सजाय हुनका साथै निज ऋषिराम अर्यालले जाँच अवधिमा आर्जन गरेको स्रोत नखुलेको **रु. १७,८३,४१,५७९।— (अक्षेरपि सत्र करोड तिरासी लाख एकचालिस हजार पाँच** | को क्षेत्रफल ०-५-०-० जग्गा मिति २०५८/०२/२६ र.नं. ६७०५ बाट जागृती शर्मालाई बिक्री गरे वापत प्राप्त रु. ३,००,०००।— आयमा गणना गरिनुपर्दछ भनी लिखतको प्रतिलिपि समेत पेस गरी जिकिर लिएको देखिन्छ। यस सम्बन्धमा, मालपोत कार्यालयबाट पारित लिखतलाई अन्यथा भन्न सकिने अवस्था नरहेको।<br>▪ यसरी, आयोगबाट स्वीकार गरिएको प्रतिवादीले बिक्री गरेको जग्गाको बिक्री मूल्य रु. २,९८,४६,४५०।— र कि.नं. ३८ कित्ताकाट भई कि.नं. १३२४ को जग्गा बिक्री मूल्य रु. ३,००,०००।— समेत जोड्दा प्रतिवादीक ऋषिराम अर्यालको जग्गा बिक्रीबाट जम्मा रु. ३,०१,४६,४५०।— कायम गर्नुपर्ने देखिएको।<br>**(ग) प्रतिवादी ऋषिराम अर्याल तथा निजका परिवारका सदस्यहरुका नाममा विभिन्न बैंक तथा वित्तीय संस्था एवं कम्पनीहरुका खरिद गरिएका साधारण तथा संस्थापक शेयरहरुबाट प्राप्त नगद लाभाँश (नगद लाभाँश प्राप्त गरेका शेयरहरु खरिद गर्दा तथा शेयर खरिदको शुरु लगानीको स्रोत खुलेको भागको वैध आय):**<br>▪ यस शीर्षकमा जाँच अवधिमा आयोगबाट प्रतिवादी ऋषिराम अर्याल र निजका परिवारका सदस्यहरुका नाममा दर्ता कायम गरी खरिद गरिएका विभिन्न बैंक तथा वित्तीय संस्था एवं कम्पनीहरुका साधारण तथा संस्थापक शेयरहरु शुरु खरिद गर्दाका बखतका अवस्थामा निजको वैध आय र खरिद तथा सिर्जित चल अचल सम्पत्तिहरुमा भए गरेका लगानीको अनुपातमा खरिद गरिएका साधारण तथा संस्थापक शेयरहरुलाई आंशिक तथा पूर्ण रुपमा निजको वैध आयले खामेको पाइएका स्रोत खुलेका शेयरहरुबाट नियमित रुपमा प्राप्त हुन आएका नगद लाभाँशलाई स्रोत खुलेको भागअनुसार गणना गरी प्रतिवादीले प्राप्त गरेको नगद लाभाँश रु. १४,४७,४६२।— निजको आयमा गणना गरिएको।<br>▪ यस सम्बन्धमा, प्रतिवादीको जाँच अवधिको समग्र आय र व्ययको हिसाबबाट मात्र प्रतिवादीको सम्पत्तिको स्रोत पुगेको र नपुगेको यकिन गर्नु न्यायिक परिपाटी रही आएकोमा जाँच अवधिको बिचमा शेयर खरिद गर्दाको बखतमा स्रोत नखामेको भनी उक्त शेयरहरुबाट प्राप्त नगद लाभाँश मध्ये केहीलाई आयमा गणना नै नगरेको तथा केही शेयर खरिद गर्दा आंशिक रकमको स्रोत पुगेको भनी आंशिक आय गणना गरेको कार्य न्यायसंगत मान्न नसकिएकोले यस शीर्षकमा जम्मा रु. २९,६९,४१४।— प्रतिवादीको आयमा कायम हुने देखिएको।<br>**(घ) प्रतिवादी ऋषिराम अर्याल तथा निजका परिवारका सदस्यहरुका नाममा खरिद गरी राखेका साधारण तथा संस्थापक शेयर बिक्रीबाट प्राप्त वैध आय** | *समयमा सार्वजनिक पदधारण तथा मुद्दा दायर गर्ने समयसम्मको अवधिलाई जाँच अवधि (Check Period) मानी सम्पत्तिको आय व्ययको वैध अवैध स्रोत विश्लेषण गरी न्यायिक निरुपण गर्नुपर्ने देखिन्छ।"*[1] भन्ने सिद्धान्त प्रतिपादन भएको।<br>▪ White Collar Crime को रुपमा परिभाषित गैरकानुनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको मुद्दामा राष्ट्रसेवकले ओहदाको दुरुपयोग गरी आर्जन गरेको स्रोत नखुलेको सम्पत्ति अर्थात कसुरबाट प्राप्त सम्पत्ति (Proceeds of Crime) लुकाई छिपाई राख्ने तथा स्वामित्व वा भोगचलनमा ल्याउने तौरतरिका अनेक हुन सक्दछन्। यस्तो मुद्दामा राष्ट्रसेवकले आफू सेवाबाट अवकाश भएपछि गैरकानुनी रुपमा आर्जन गरेको सम्पत्ति लुकाई छिपाई राखी आफ्नो र एकासगोलको परिवारका सदस्यहरुको भोगचलनमा ल्याउन सक्ने अवस्थालाई सोझै इन्कार गर्न सकिँदैन। अनुसन्धानबाट यस्तो अवस्था देखिसकेपछि सो विषयमा छानबिन नगर्ने वा दावी नै नलिने हो भने परिणामतः भ्रष्टाचार निवारण ऐन, २०५९ को प्रस्तावनामा उल्लिखित *"सर्वसाधारणको सुख, शान्ति र आर्थिक हितको निमित्त समाजमा आर्थिक अनुशासन, नैतिकता र सदाचार कायम राख्न भ्रष्टाचार निवारणका सम्बन्धमा समयानुकूल कानुनी व्यवस्था गर्न"* भन्ने मूल मकसद विपरीत हुन जाने देखिएको।<br>▪ प्रस्तुत मुद्दामा प्रतिवादी ऋषिराम अर्यालले सेवा निवृत्त भएपछिको अवधिमा गरेको व्यापक लगानी तथा खर्च सोही अवधिमा प्राप्त आयको तुलनामा अविश्वसनीय र अपुष्टित भएको तथा कसुरको तौरतरिकाको सन्दर्भमा, भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को प्रावधानलाई सामान्य अर्थमा हेर्दा उक्त प्रावधानले रोक्न खोजेको दुश्कार्य रोकी राष्ट्रसेवकलाई कसुरबाट उम्किने हरेक प्रयासलाई पराष्त गर्ने विधायिकी मनसाय (True Intention of Legislature) सिद्ध हुने नदेखिएको। राष्ट्रसेवक कर्मचारी सेवा निवृत्त भएपछि निजको सार्वजनिक जवाफदेहिता समाप्त हुने भई निजको पदीय हैसियत गुम्ने हुँदा सामान्य नागरिक सरह भएको व्यक्तिको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) को कानुनी व्यवस्था आकर्षित हुन नसक्ने भनी उक्त ऐनको दफा २० को उपदफा (१) को प्रावधानलाई संकुचित व्याख्या गरी राष्ट्रसेवक सेवाबाट अवकाश भएपछिको अवधिलाई जाँच अवधि कायम गर्न नमिल्ने भनी सम्मानित विशेष अदालतबाट प्रतिवादी ऋषिराम अर्याल सेवा निवृत्त भएपछिको जाँच अवधिको आय र व्ययका शीर्षकहरुको गणना तथा मूल्याङ्कन नगरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण रहेको।<br>**(आ) <u>आयतर्फः</u>** |

[1] *युवराज शर्मा वि. नेपाल सरकार,* मुद्दाः गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको, मुद्दा नं. ०७१-NF-००२१, फैसला मितिः २०७९/०३/२८, सर्वोच्च अदालत, पूर्ण इजलास, पृष्ठ ७१ (https://supremecourt.gov.np/court/public/media/2024_05/f2721646359d660f06666bb90ef6d300.pdf, accessed on June 14, 2024)

| | | | | | |
|---|---|---|---|---|---|
| | | | **सय उनासी मात्र)** बराबरको चल अचल सम्पत्ति साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३; दफा १६ग तथा दफा २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख बमोजिम जफत/असुल उपर हुन र नपुग हुन आएको बिगो रु. ५,२०,२७,५१८।— समेत कानुन बमोजिम असूल हुन मागदावी लिइएको।<br><br>साथै, प्रतिवादी ऋषिराम अर्यालले सार्वजनिक सेवाको पदमा रही आफ्नो पदको दुरुपयोग गरी गैरकानुनी रुपमा आर्जन गरेको स्रोत नखुल्ने सम्पत्ति निज प्रतिवादी, निजकी श्रीमती लक्ष्मीदेवी उपाध्याय अर्याल र छोराहरु सुशिल अर्याल र सुनिल अर्याल समेतका नाममा कायम रहेको देखिँदा | **(शुरु खरिदमा स्रोत खुलेको भागको आय):**<br>▪ यस शीर्षकमा जाँच अवधिमा आयोगबाट जम्मा रु. २६,९८,०७२।— आयमा कायम गरिएकोमा प्रतिवादीको शेयर बिक्रीको पुरै रकम आयमा गणना गरिएको छैन भनी प्रतिवादीले जिकिर लिएको। यस सम्बन्धमा, प्रतिवादीको आय व्यय प्रवाह (Cash Flow Chart) का आधारमा प्रतिवादीको सम्पत्तिको मूल्याङ्कन हुने नभइ प्रतिवादीको सम्पूर्ण जाँच अवधिको आय र व्ययको हिसाब गरी स्रोत पुगे र नपुगेको सम्पत्ति यकिन गर्नुपर्ने न्यायिक अभ्यास बमोजिम प्रस्तुत मुद्दामा पनि प्रतिवादीको सम्पूर्ण जाँच अवधिको आय र व्यय गणना पश्चात मात्र प्रतिवादीको स्रोत पुगे र नपुगेको सम्पत्ति यकिन गरिने हुँदा आयोगले प्रतिवादीको जाँच अवधिको बिचमा शेयर खरिदमा स्रोत नपुगेको तथा अंशिक स्रोत पुगेको भनी पुरै गणना नगर्ने तथा अंशिक गणना गर्ने गरेको कार्य न्यायिक अभ्यास विपरीत रहेको देखिएको।<br>▪ सेवा प्रवेश मिति २०३५/०६/०३ देखि प्रतिवादीको सेवा निवृत्त मिति २०७२/१२/२६ सम्मको मात्र जाँच अवधि कायम गरिएकोले आरोपपत्रको पृष्ठ २१, २२ र २३ मा शेयर बिक्रीको विवरण तालिकामा उल्लिखित शेयर बिक्री रकमहरु मध्ये अदालतबाट कायम भएको जाँच अवधिसम्मको आयोगले नै उक्त पृष्ठहरुमा स्वीकार गरेको शेयर बिक्री रकम रु. १,५२,६७,९९९।— रहेको देखिएको।<br>▪ यसरी, आयोगबाट यस शीर्षकमा रु. २६,९८,०७२।— मात्र प्रतिवादीको आय भनी गणना गरेको रकम मिलेको नदेखिएकोले प्रतिवादीको आय रु. २,३३,५०,२२८।— कायम गरी गणना गर्नुपर्ने देखिएको।<br>**(ङ)** प्रतिवादी ऋषिराम अर्यालको जाँच अवधिको आय सम्बन्धमा आयोगबाट **प्रतिवादी ऋषिराम अर्यालले डन बस्को कलेजबाट प्राप्त पारिश्रमिक आयको बचत (७०%)** रु. १,९२,०००।—; **प्रतिवादी सुशिल अर्यालको पारिश्रमिक बचत (८५%)** रु. ३८,३६,२९९।—; **प्रतिवादी ऋषिराम अर्यालले अवकास प्रश्चात प्राप्त नागरिक लगानी कोष, औषधी उपचार, बिदा एवं कर्मचारी सञ्चय कोष लगायतबाट प्राप्त सुविधा रकम** रु. १९,३०,७२४।—; **प्रतिवादी लक्ष्मीदेवी उपाध्याय अर्यालको एकल स्वामित्वमा रहेको एल.डी. इन्टरप्राइजेज फर्मबाट सम्बन्धित करचुक्ता विवरण अनुसार आर्जित आय (नाफा)** रु. २५,६२,८३९।— र **प्रतिवादी ऋषिराम अर्यालको नाममा राष्ट्रिय बीमा संस्थानबाट जारी बीमालेख परिपक्व पश्चात प्राप्त बीमाङ्क रकम** रु. १,०७,५९६।— कायम गरिएकोमा प्रतिवादीको अन्यथा भनाइ रहेको नदेखिँदा थप विवेचना गरिरहन पर्ने नदेखिएको।<br>**(च)** प्रतिवादी ऋषिराम अर्यालको अन्यथा जिकिर रहेकोमा आयोगको दावी बमोजिम नै **प्रतिवादी ऋषिराम अर्यालको पारिश्रमिक (तलब भत्ता) बचत (७०%)** रु. १८,४७,२८८।— र **अम्बिका प्रसाद पौडेलबाट (विभिन्न** | **(क) प्रतिवादी ऋषिराम अर्यालले अवकाश पश्चात प्राप्त गरेको निवृत्तिभरण आयः**<br>▪ प्रस्तुत मुद्दामा प्रतिवादी ऋषिराम अर्याल सेवा निवृत्त भएपछि आ.व. २०७५/०७६ सम्मको (मिति २०७६ असार मसान्तसम्मको) जाँच अवधिको आय र व्ययको गणना गरी आय अन्तर्गत यस शीर्षकमा रु. ६,७९,३५३।— प्रतिवादीको आयमा कायम गरिएको।<br>▪ राष्ट्रसेवक कर्मचारी सेवा निवृत्त भएपछि सामान्य नागरिक सरह भएको व्यक्तिको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) को कानूनी व्यवस्था आकर्षित हुन नसक्ने भनी उक्त प्रावधानले रोक्न खोजेको दुश्कार्य रोकी राष्ट्रसेवकलाई कसुरबाट उम्किने हरेक प्रयासलाई पराष्त गर्ने उक्त ऐनको मकसद विपरीत सोही ऐनको दफा २० को उपदफा (१) को प्रावधानलाई संकुचित व्याख्या गरी राष्ट्रसेवक सेवाबाट अवकाश भएपछिको अवधिलाई जाँच अवधि कायम गर्न नमिल्ने भनी सम्मानित विशेष अदालतबाट यस शीर्षकमा शून्य अङ्क कायम गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण रहेको।<br>**(ख) जग्गा बिक्रीबाट प्राप्त वैध आय (बिक्री भए गरिएका जग्गाहरुको शुरु खरिद तथा प्रारम्भिक लगानीको स्रोत खुलेको भागको आय):**<br>▪ प्रस्तुत मुद्दामा प्रतिवादी ऋषिराम अर्यालको सम्पत्तिको जाँच अवधि आय र व्ययको आधारमा आय व्ययको प्रवाह विवरण (Cash Flow Chart) तयार गर्ने क्रममा निज प्रतिवादीको आय भएको रकम भन्दा व्यय भएको रकम बढी भएकोमा र निजले उक्त रकमको स्रोत समेत पुष्टि गर्न नसकेकोमा सोही बिन्दुसम्म एक जाँच अवधि कायम गरी आय व्ययको प्रवाह विवरण (Cash Flow Chart) विभिन्न २१ खण्डमा वर्गीकरण गरी २१ वटा जाँच अवधि कायम गरिएको हो[2] र उक्त जाँच अवधिको अन्य कुनै मापदण्ड नरहेको। यसरी, आय भएको रकम भन्दा व्यय भएको रकम बढी भएको र त्यस्तो बढी हुन गएको रकमको स्रोत पुष्टि हुन नसकेको अवस्थामा जाँच अवधि कायम हुने हो। प्रस्तुत मुद्दामा आरोपपत्रको पृष्ठ ३० देखि पृष्ठ १२० सम्म २१ वटा खण्डमा वर्गीकरण गरी २१ वटा जाँच अवधि कायम गरी प्रतिवादी ऋषिराम अर्यालको वैद्य आय तथा आर्जन, व्यय/खर्च तथा लगानी र वैद्य आय बचत सम्बन्धमा विश्लेषण र मूल्याङ्कन गरी निज प्रतिवादीको सम्पत्तिको वैधता परीक्षण तथा अनुसन्धान गरी आय र व्ययको तुलनात्मक विवरण सहित स्पष्ट र किटानी मागदावी लिई निज प्रतिवादीको आय व्ययको प्रवाह विवरण (Cash Flow Chart) उल्लेख भएको आरोपपत्र दायर भएको।<br>▪ प्रस्तुत मुद्दामा प्रतिवादी ऋषिराम अर्यालको आय व्ययको मूल्याङ्कन गर्ने क्रममा निज प्रतिवादीले विभिन्न जग्गाहरु खरिद गर्दा आधारभूत सम्पत्तिको |

[2] गैरकानूनी सम्पत्ति छानबिन तथा अनुसन्धान कार्यविधि, २०७५ को दफा १०(३)(ड)

| | | | | | |
|---|---|---|---|---|---|
| | | | जफत गर्ने प्रयोजनार्थ मात्र साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग; दफा २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख बमोजिम प्रतिवादी ऋषिराम अर्यालकी श्रीमति लक्ष्मीदेवी उपाध्याय अर्याल तथा छोराहरु सुशिल अर्याल र सुनिल अर्याललाई प्रतिवादी कायम गरी उक्त सम्पत्ति जफत हुन मागदावी लिइएको। | **बैंकका खातामा जम्मा हुने गरी चेक मार्फत) प्राप्त गरेको फिर्ता रकम** रु. २,४७,१७,०००।– प्रतिवादीको आयमा कायम हुने गरी सम्मानित विशेष अदालतबाट फैसला भएको देखिएको।<br>**(छ)** आयोगबाट **कर्मचारी सञ्चय कोष लगायत विभिन्न बैंक तथा वित्तीय संस्थाहरुबाट लिएका कर्जा आय** रु. ३,९०,६३,८५१।– र **विप्रेषण आय (छोरा प्रतिवादी सुनिल अर्याल र छोरी सुनिता अर्यालले अष्ट्रेलिया र अमेरिकाबाट प्रतिवादी ऋषिराम अर्यालको बैंक खातामा प्राप्त रकम)** रु. १७,९१,५०८।– प्रतिवादीको आयमा कायम गरिएकोमा सम्मानित विशेष अदालतबाट उक्त आयका शीर्षकहरुमा क्रमशः रु. ३,९३,२०,६१४।– र रु. २४,०७,४१४।– प्रतिवादीको आयमा कायम गरी फैसला भएको देखिएको।<br>**(ज) आयोगले गणना नगरेका तर प्रतिवादीले जिकिर लिएका निम्न आयका थप शीर्षकहरुको सम्बन्धमाः**<br>**(अ) दान दक्षिणाः**<br>यस शीर्षकमा प्रतिवादी पक्षबाट पेस भएको लिखित बहसनोटमा श्रीमतीको बुबाआमाबाट प्राप्त दान पेवा रकम रु. १,२५,०००।– भनी जिकिर रहेको देखिएबाट टिकाटालो दानदक्षिणा रकमलाई प्रतिवादीको आयमा गणना गरिने न्यायिक अभ्यास र मान्यता बमोजिम प्रतिवादी लक्ष्मीदेवी उपाध्याय अर्यालको आय रु. १,२५,०००।– गणना गर्न मनासिब हुने देखिएको।<br>**(आ) कृषि आयः**<br>यस शीर्षकमा प्रतिवादीले अदालतमा बयान गर्दा पेस गरेको अनुसूची २ तथा लिखित बहसनोटमा कृषि ज्ञान केन्द्र, स्याङ्जाको च.नं. ४०३ मिति २०७७/०२/२० को पत्र समेत पेस गरेको। पछि आर्जन गरिएका जग्गाहरुको कृषि आय गणना नगरे तापनि प्रतिपादित न्यायिक सिद्धान्त अनुरुप प्रस्तुत मुद्दामा प्रतिवादी ऋषिराम अर्यालको पैतृक जग्गाबाट प्राप्त हुने कृषि आय रकमलाई प्रतिवादीको आयमा गणना गर्नुपर्ने देखिएकोले प्रतिवादीको पैतृक उब्जाउ जग्गा रहे भएको र प्रतिवादीले मौकामा र अदालतमा समेत बयान गर्दा कृषि आय आम्दानीको स्रोत हो भनी जिकिर लिएको देखिँदा प्रतिवादीका अंशियारहरु बिच मिति २०६३/०४/०९ र मिति २०६३/०४/११ मा अंशवण्डा भएको र अंशवण्डा पश्चात पैतृक जग्गाहरु प्रतिवादीको आय भागमा रहे भएको नदेखिएकोले प्रतिवादीले मौकामा गरेको बयान अनुसार २०४६ सालदेखि २०६३ सालसम्मको मात्र कृषि आय गणना गर्दा २०४६ देखि २०६० सालसम्म वार्षिक रु. १०,०००।– का दरले १५ वर्षको हुने रु. | स्रोत पुष्टि भए/नभएको र वैद्य बचत मौज्दात आयले खामे/नखामेको विषय सोही बखत हेरिने तथा मूल्याङ्कन गरिने विषय भएको। अघिल्लो अवधिमा आर्जन गरेको गैरकानुनी सम्पत्तिलाई पछिल्लो अवधिमा आर्जित वैद्य सम्पत्तिले परिपूरण गर्न सकिने तर्क आफैमा तार्किक र कानुन संगत नदेखिएको। सम्मानित विशेष अदालतबाट लिइएको आधार बमोजिम यो विषयमा प्रतिवादीको आय र व्ययको समग्रतामा हेर्ने हो भने जग्गाहरु खरिद गर्दा आधारभूत सम्पत्तिको स्रोत पुष्टि भए/नभएको र वैद्य बचत मौज्दात आयले खामे/नखामेको विषयले परीक्षणको क्रममा स्थान नै नपाउने हुँदा यो विषयको औचित्य नै समाप्त भई गैरकानुनी रुपमा बढे बढाएको सम्पत्तिले वैद्यता पाउने र White Collar Crime को रुपमा परिभाषित गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको मुद्दा भ्रष्टाचार निवारण ऐन, २०५९ को मकसद विपरीत हुन जाने देखिएको।<br>▪ यसै सन्दर्भमा, सम्मानित सर्वोच्च अदालतको पूर्ण इजलासबाट *"...जाँच अवधिमा प्रतिवादीले आर्जन गरेको सम्पत्ति र गरेको खर्च कानूनी रुपमा भएको आयबाट स्रोत पुष्टि गर्न सक्नुपर्दछ। ...श्रोत पुष्टि नभएको सम्पत्तिबाट बढे बढाएको सम्पत्ति स्वतः जफत हुने व्यवस्था भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २९ख ले गरेको..."*[३] भन्ने सिद्धान्त प्रतिपादन भएको। त्यसैगरी, सम्मानित सर्वोच्च अदालतबाट कुनै पनि व्यक्तिको नाममा रहेको सम्पत्तिबाट बढे बढाएको सम्पत्ति पनि सोही व्यक्तिको आम्दानीको स्रोत बन्न सक्ने नै हुन्छ, तर आधारभूत सम्पत्तिको स्रोत पुष्टि गर्नै पर्ने हुन्छ[४] भनी सिद्धान्त प्रतिपादन भएको। त्यस्तै, सम्मानित सर्वोच्च अदालतबाट जाँच अवधिमा खरिद गरिएको जग्गा बिक्रीबाट प्राप्त रकमलाई आयको रुपमा मान्यता दिइन्छ भने उक्त जग्गा खरिदको स्रोत पनि पुष्टि गर्नु पर्छ तथा आधारभूत सम्पत्तिको स्रोत पुष्टि भएमा उक्त सम्पत्तिबाट बढे बढाएको सम्पत्ति पनि स्वतः वैध आर्जन हुने र आधारभूत सम्पत्तिको स्रोत पुष्टि गर्न नसकेमा त्यस्तो सम्पत्तिबाट बढेबढाएको सम्पत्ति पनि स्वतः अवैध हुने[५] भनी सिद्धान्त प्रतिपादन भएको। यसरी, खरिद वा लगानी गरिएको सम्पत्तिबाट आर्जन गरेको तथा बढे बढाएको आय दावी गर्ने व्यक्तिले मूलधन अर्थात खरिद वा लगानी गरिएको सम्पत्तिमा भए गरेको शुरु लगानीको स्रोत पुष्टि गर्नुपर्ने देखिएको।<br>▪ प्रस्तुत मुद्दामा प्रतिवादी ऋषिराम अर्याल तथा निजको श्रीमती समेतका नाममा दर्ता कायम रहने गरी खरिद गरिएका घरजग्गाहरु शुरु खरिद गर्दाका बखतका अवस्थामा निजको वैध आय र खरिद तथा सिर्जित चल |

[३] *युवराज शर्मा वि. नेपाल सरकार,* मुद्दाः गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको, मुद्दा नं. ०७१-NF-००२१, फैसला मितिः २०७९/०३/२८, सर्वोच्च अदालत, पूर्ण इजलास, पृष्ठ १०१ (https://supremecourt.gov.np/court/public/media/2024_05/f2721646359d660f06666bb90ef6d300.pdf, accessed on June 14, 2024)

[४] *नेपाल सरकार वि. बद्रीनाथ श्रेष्ठ,* मुद्दाः भ्रष्टाचार (ने.का.प. २०७२, अंक ८, नि.नं. ९४४९)

[५] *नेपाल सरकार वि. खुमबहादुर खड्का समेत,* मुद्दाः भ्रष्टाचार (ने.का.प. २०६९, अंक ५, नि.नं. ८८३२)

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | १,५०,०००।— र २०६० देखि २०६३ सम्मको ३ वर्षको वार्षिक रु. २०,०००।— का दरले हुने रु. ६०,०००।— समेत गरी जम्मा रु. २,१०,०००।— प्रतिवादीको आयमा गणना गर्नुपर्ने देखिएको।<br>**(इ) पसलको आयः**<br>यस शीर्षकमा प्रतिवादी ऋषिराम अर्यालले अदालतको बयानसाथ पेस गरेको टोखा नगरपालिका ६ नं. वडा कार्यालयको मिति २०७६/१२/०६ को सिफारिस पत्रमा प्रतिवादीहरु ऋषिराम अर्याल र लक्ष्मीदेवी उपाध्याय अर्यालले मिति २०४३ देखि २०४९ असारसम्म धापासी, बसुन्धारा स्थित चन्द्र महर्जनको घरमा र २०४९ श्रावणदेखि २०५९ सम्म आफ्नै घर धापासी, कृष्ण मन्दिरमा खाद्यान्न किराना पसल व्यवसाय सञ्चालन गरेको बेहोरा सिफारिस गरेको भन्ने उल्लेख भएको देखिएकोले र उक्त किराना पसल खरिद गर्ने प्रतिवादीका साक्षी नारायण शर्माले अदालतमा आई बकपत्र गर्दा उक्त पसल रु. ५,५०,०००।— मा खरिद गरेको हुँ भनी लेखाएको देखिएकोले प्रतिवादीहरुको किराना पसल रहे भएको पुष्टि हुन आएको देखिँदा प्रतिवादी ऋषिराम अर्यालले मौकामा बयानमा उल्लेख गरे अनुसार २०४३ सालदेखि २०५४ सालसम्मको करिब ११ वर्षको वार्षिक नाफा रु. ७२,०००।— हुने भनी बताएकोले ११ वर्षको हुने नाफा रु. ७,९२,०००।— प्रतिवादीको आयमा गणना गर्नुपर्ने देखिएको।<br>**(ई) पसल बिक्रीबाट प्राप्त आयः**<br>प्रतिवादीहरु ऋषिराम अर्याल र लक्ष्मीदेवी उपाध्याय अर्यालले मौकामा र अदालतमा गरेको बयान एवं निजहरुका साक्षी पसल खरिद गर्ने नारायण शर्माले अदालतमा आई प्रतिवादी लक्ष्मीदेवी उपाध्याय अर्यालसँग खाद्यान्न किराना पसल रु. ५,५०,०००।— मा खरिद गरेको हुँ भनी लेखाएको बकपत्रबाट उक्त पसल बिक्रीबाट प्राप्त रकम रु. ५,५०,०००।— प्रतिवादीको आयमा गणना गर्नुपर्ने देखिएको।<br>**(उ) घर बहाल आयः**<br>प्रतिवादी ऋषिराम अर्यालले बयानसाथ अनुसूची १ मा जिल्ला स्याङ्जा, पुतली बजार-९ स्थित कि.नं. २०९५ क्षे.फ. ०-३-२-२ भएको घरसहितको जग्गा २०५१ असोजमा रु. ५१,०००।— मा खड्गबहादुर गुरुङबाट हालै देखिको बकसपत्र लिखतबाट खरिद गरेको घर र जग्गा कृषि विकास बैंकलाई मिति २०६१/०७/०१ देखि २०६५ असार मसान्तसम्म मासिक रु. १५,०००।— मा घर भाडा दिने लिने घर संझौता पेस गरेको देखिँदा सो घर संझौता भएको मितिले प्रतिवादी ऋषिराम अर्यालले अंशियारहरु बिच अंशवण्डा नहुँदासम्म अर्थात २०६३ असार मसान्तसम्म २० महिनाको प्रति महिना रु. १५,०००।— का दरले रु. ३,००,०००।— हुन आउने र सोको १०% घर बहाल कर कटाउँदा हुन आउने रु. २,७०,०००।— प्रतिवादीको आयमा गणना गर्नुपर्ने देखिएको।<br>**(ऊ) गाडी भाडाः**<br>टोखा नगरपालिका नगरकार्यपालिकाको कार्यालयको च.नं. ३९०९ मिति | अचल सम्पत्तिहरुमा भए गरेका लगानीको अनुपातमा खरिद गरिएका अधिकांश घरजग्गाहरु खरिद गरिरहँदाका अवस्थामा निजको वैध आयले खामेको नपाइएकोले आंशिक तथा पूर्ण रुपमा स्रोत खुलेको अर्थात निजको वैध आयले खामेका घरजग्गा बिक्रीबाट बढे बढाएका आयहरुलाई स्रोत खुलेको भागअनुसार गणना गरी यस शीर्षकमा रु. ६८,५३,४९१।— प्रतिवादीको आयमा गणना गरिएको।<br>▪ यसरी, प्रतिवादी ऋषिराम अर्यालले जग्गाहरु बिक्रीबाट प्राप्त गरेको वैध आय जम्मा रु. ६८,५३,४९१।— मात्र कायम हुनुपर्नेमा सो बमोजिम कायम नगरी माथि उल्लिखित सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त तथा मान्यता विपरीत र यसै पुनरावेदनपत्रको प्रकरण नं. ५(अ) मा गरिएको विवेचना विपरीत सम्मानित विशेष अदालतबाट आरोपपत्रको पृष्ठ ८ को "(ङ) बिक्री गरेको जग्गाको विवरण" मा उल्लिखित क्र.सं. १ देखि क्र.सं. ५७ सम्म अर्थात प्रतिवादी सेवा निवृत्त हुनु अगाडिसम्मको र आयोगले स्वीकार गरेको समेत भनी विभिन्न जग्गाहरु बिक्री गरेको मूल्य रु. ३,०१,४६,४५०।— प्रतिवादीको आयमा कायम हुने गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण रहेको।<br>**(ग) प्रतिवादी ऋषिराम अर्याल तथा निजका परिवारका सदस्यहरुका नाममा विभिन्न बैंक तथा वित्तीय संस्था एवं कम्पनीहरुका खरिद गरिएका साधारण तथा संस्थापक शेयरहरुबाट प्राप्त नगद लाभाँश (नगद लाभाँश प्राप्त गरेका शेयरहरु खरिद गर्दा तथा शेयर खरिदको शुरु लगानीको स्रोत खुलेको भागको वैध आय):**<br>▪ यसै पुनरावेदनपत्रको प्रकरण नं. ५(आ)(ख) मा विवेचना गरिए बमोजिम प्रस्तुत मुद्दामा प्रतिवादी ऋषिराम अर्याल र निजका परिवारका सदस्यहरुका नाममा खरिद गरिएका विभिन्न बैंक तथा वित्तीय संस्था एवं कम्पनीहरुका साधारण तथा संस्थापक शेयरहरु शुरु खरिद गर्दाका बखतका अवस्थामा निजको वैध आय र खरिद तथा सिर्जित चल अचल सम्पत्तिहरुमा भए गरेका लगानीको अनुपातमा खरिद गरिएका साधारण तथा सस्थापक शेयरहरुलाई आंशिक तथा पूर्ण रुपमा निजको वैध आयले खामेको पाइएका स्रोत खुलेका शेयरहरुबाट नियमित रुपमा प्राप्त हुन आएका नगद लाभाँश आयलाई स्रोत खुलेको भागअनुसार गणना गर्दा निज प्रतिवादी र निजका परिवारका सदस्यहरुका नाममा खरिद गरिएका स्रोत खुलेका (निजको वैध आयले खामेका) साधारण तथा संस्थापक शेयरहरुबाट नगद लाभाँश वापत प्राप्त रु. १४,४७,४६२।— मात्र प्रतिवादीको आयमा कायम गरिएको।<br>▪ प्रतिवादीको समग्र जाँच अवधिको आय र व्ययको हिसाबबाट मात्र प्रतिवादीको सम्पत्तिको श्रोत पुगेको र नपुगेको यकिन गर्नु न्यायिक परिपाटी रही आए बमोजिम सम्पत्तिको गणना गर्नुपर्ने देखिएको भनी यसै पुनरावेदनपत्रको प्रकरण नं. ५(आ)(ख) मा विवेचना गरिए बमोजिम |

२०७९/०३/२८ को पत्रबाट २०७१ माघदेखि २०७२ पौष मसान्तसम्म मासिक रु. ३२,०००।— तिर्ने गरी बा. ६ च ६६६२ नम्बरको गाडी भाडामा लिई करकट्टा गरी जम्मा रु. ३,४५,६०००।— सवारी धनी लक्ष्मीदेवी उपाध्यायलाई भुक्तानी दिएको भन्ने देखिँदा यस शीर्षकमा रु. ३,४५,६००।— प्रतिवादीको आयमा गणना गर्नुपर्ने देखिएको।

**(ऋ) विष्णु अर्यालको पारिश्रमिकः**

प्रतिवादी ऋषिराम अर्याल २०६३ असारसम्म अन्य अंशियारहरुसँग एकासंगोलमा रहे बसेको अवस्थामा एकासंगोलका परिवारहरुले आर्जन गरेको आय संगोलको आयमा गणना हुनु स्वभाविकै देखिँदा प्रतिवादी ऋषिराम अर्यालले बयानसाथ पेस गरेको नवदुर्गा आधारभूत विद्यालयको च.नं. २१ मिति २०७५/०४/२८ को पत्रबाट प्रतिवादी ऋषिराम अर्यालको भाइबुहारी विष्णु अर्यालले २०४६/०५/०१ देखि २०६२/१२/३० सम्म उक्त विद्यालयमा शिक्षकको रुपमा अध्यापन गराए वापत रु. ५,९८,०८७।— भुक्तानी पाएको देखिएकोले उक्त पारिश्रमिक रकम रु. ५,९८,०८७।— मा जीवन निर्वाह खर्च वापत १५% कट्टा गरी बचत वापत ८५% ले हुने रु. ५,०८,३७४।— विष्णु कोइराला अर्यालको पारिश्रमिक आयमा गणना गर्नुपर्ने देखिएको।

**(ए) दिवाकर अर्यालको पारिश्रमिकः**

प्रतिवादी ऋषिराम अर्यालले अदालतको बयानसाथ पेस गरेको मातृभूमि माध्यामिक विद्यालयको च.नं. १५७ मिति २०७६/१२/०५ को पत्रबाट प्रतिवादी ऋषिराम अर्यालका भाइ दिवाकर अर्यालले २०४५/१०/२७ देखि २०६२/१२/३० सम्म उक्त विद्यालयमा शिक्षकको रुपमा रही तलब भत्ता वापत रु. ७,१८,७१५।— प्राप्त गरेको देखिएकोले उक्त पारिश्रमिक रकम रु. ७,१८,७१५।— मा जीवन निर्वाह खर्च वापत १५% कट्टा गरी बचत वापत ८५% ले हुने रु. ६,१०,९०८।—दिवाकर अर्यालको पारिश्रमिक आयमा गणना गर्नुपर्ने देखिएको।

**(ऐ) चुडामणि अर्यालको पारिश्रमिकः**

प्रतिवादी ऋषिराम अर्यालले अदालतको बयानसाथ पेस गरेका चुडामणि अर्यालको नियुक्ति, Upgrade गरिएको पत्र, पदोन्नतिको पत्र समेतबाट प्रतिवादी ऋषिराम अर्यालका भाइ चुडामणि अर्याल राष्ट्रिय वाणिज्य बैंकमा तह ३ को गणक पदमा २०४०/०३/२३ मा नियुक्ति पाइ २०६२/०४/०१ सम्म तलब भत्ता वापत रु. ७,३०,६४२।९० प्राप्त गरेको देखिएकोले उक्त पारिश्रमिक आय रु. ७,३०,६४२।९० मा जीवन निर्वाह खर्च वापत १५% कट्टा गरी बचत वापत ८५% ले हुने रु. ६,२१,०४७।— चुडामणि अर्यालको पारिश्रमिक आयमा गणना गर्नुपर्ने देखिएको।

**<u>व्ययतर्फः</u>**

**(क) घर निर्माण लागतः**

यस शीर्षकमा जाँच अवधिमा आयोगबाट प्रतिवादी लक्ष्मीदेवी उपाध्याय अर्यालको

सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त तथा मान्यता विपरीत यस शीर्षकमा रु. २९,६९,४१४।— कायम हुने गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण रहेको।

(घ) **प्रतिवादी ऋषिराम अर्याल तथा निजका परिवारका सदस्यहरुका नाममा खरिद गरी राखेका साधारण तथा संस्थापक शेयर बिक्रीबाट प्राप्त वैध आय (शुरु खरिदमा स्रोत खुलेको भागको आय):**

- यसै पुनरावेदनपत्रको प्रकरण नं. ५(आ)(ख) मा विवेचना गरिए बमोजिम प्रस्तुत मुद्दामा प्रतिवादी ऋषिराम अर्याल र निजका परिवारका सदस्यहरुका नाममा खरिद गरिएका विभिन्न बैंक तथा वित्तीय संस्था एवं कम्पनीहरुका साधारण तथा संस्थापक शेयरहरु शुरु खरिद गर्दाका बखतका अवस्थामा निजको वैध आय र खरिद तथा सिर्जित चल अचल सम्पत्तिहरुमा भए गरेका लगानीको अनुपातमा खरिद गरिएका साधारण तथा सस्थापक शेयरहरुलाई आंशिक तथा पूर्ण रुपमा निजको वैध आयले खामेको पाइएका स्रोत खुलेका शेयरहरु बिक्रीबाट बढे बढाएको आयलाई स्रोत खुलेको भागअनुसार गणना गर्दा निज प्रतिवादी र निजका परिवारका सदस्यहरुका नाममा खरिद गरिएका स्रोत खुलेका (निजको वैध आयले खामेका) साधारण तथा संस्थापक शेयरहरु बिक्रीबाट प्राप्त रु. २६,९८,०७२।— मात्र प्रतिवादीको आयमा कायम गरिएको।
- प्रतिवादी ऋषिराम अर्यालको सेवा निवृत्त मिति २०७२/१२/२६ सम्मको मात्र जाँच अवधि कायम गरिएकोले शेयर बिक्रीबाट प्राप्त रकम मध्ये अदालतबाट कायम भएको जाँच अवधिसम्मको शेयर बिक्रीबाट प्राप्त रकम मात्र प्रतिवादीको आयमा गणना हुने देखिएको र आय व्ययको प्रवाह विवरणका आधारमा नभई प्रतिवादीको सम्पूर्ण जाँच अवधिको समग्रतामा हेरी सम्पत्तिको मूल्याङ्कन गरिने परिपाटी रहे भएको अवस्था हुँदा जाँच अवधिको बिचमा नै खरिदमा श्रोत नपुगेको भनी शेयर बिक्री रकम आयमा गणना नगरेको आरोपदावी न्यायसंगत नदेखिएको भनी यसै पुनरावेदनपत्रको प्रकरण नं. ५(अ) र ५(आ)(ख) मा विवेचना गरिए बमोजिम सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त तथा मान्यता विपरीत यस शीर्षकमा रु. २,३३,५०,२२८।— कायम हुने गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण रहेको।

(ङ) आयोगबाट **कर्मचारी सञ्चय कोष लगायत विभिन्न बैंक तथा वित्तीय संस्थाहरुबाट लिएका कर्जा आय** रु. ३,९०,६३,८५१।— र **विप्रेषण आय (छोरा प्रतिवादी सुनिल अर्याल र छोरी सुनिता अर्यालले अष्ट्रेलिया र अमेरिकाबाट प्रतिवादी ऋषिराम अर्यालको बैंक खातामा प्राप्त रकम)** रु. १७,९१,५०८।— प्रतिवादीको आयमा कायम गरिएकोमा सम्मानित विशेष अदालतबाट उक्त आयका शीर्षकहरुमा क्रमशः रु. ३,९३,२०,६१४।— र रु. २४,०७,४१४।— प्रतिवादीको आयमा कायम गरी भएको फैसला उपर पुनरावेदक/वादीको अन्यथा जिकिर

नाममा रहेको जिल्ला काठमाडौं, साविक धापासी गा.वि.स. वडा नं. ४ स्थित कि.नं. ३१ को जग्गामा आ.व. २०५९/०६० मा साढे तीन तल्लाको घर निर्माण लागत मूल्य रु. ४१,१०,४२५।— व्ययमा कायम गरिएकोमा प्रतिवादीले घर निर्माणमा फर्निचर फर्निसिङ समेत गरी खर्च जम्मा रु. २२,००,०००।— भएको भनी जिकिर लिएको देखिन्छ। यस सम्बन्धमा, प्रतिवादी आफैले ज्यालादारीमा स्थानीय स्रोत जुटाई निर्माण गरेको भनी जिकिर लिएको देखिँदा घर निर्माण लागत रु. ४१,१०,४२५।— मा ओभरहेड कस्ट १५% र ठेक्का कर ५% गरी जम्मा २०% घटाउँदा प्रतिवादीको घर निर्माण लागत रु. ३२,८८,३४०।— कायम हुने देखिएको।

**(ख) जग्गा खरिद (रजिष्ट्रेशन दस्तुर समेतको खर्च लगानी):**

यस शीर्षकमा जाँच अवधिमा आयोगबाट प्रतिवादी ऋषिराम अर्यालको जम्मा रु. ५,४४,८५,८५४।— खर्चमा गणना गरिएकोमा आरोप दावीमा उल्लिखित लिखत थैलीमा विवाद नभएका जग्गाहरुको खरिद रकम, प्रतिवादीले बयान तथा बहसको क्रममा जिकिर लिएका जग्गाहरुको लिखत थैली अनुसार कायम भएको रकम र प्रतिवादीका तर्फबाट बहसको क्रममा व्ययमा थप हुनुपर्ने भनी लिखत साथ जिकिर लिएका जग्गाहरुको थैली रकम समेत गरी प्रतिवादीको जाँच अवधिभित्र जग्गा खरिद तर्फ रु. २,२४,४२,२००।— प्रतिवादीको व्ययमा गणना गर्नुपर्ने देखिएको।

**(ग) प्रतिवादी ऋषिराम अर्याल तथा निजको परिवारका सदस्यहरुका नाममा विभिन्न बैंक तथा वित्तीय संस्था एवं कम्पनीहरुका साधारण तथा संस्थापक शेयर खरिदः**

यस शीर्षकमा आयोगले जम्मा रु. ९,१३,७८,१२१।— कायम गरेकोमा अदालतबाट प्रतिवादीको जाँच अवधि २०७२/१२/२६ सम्म मात्र कायम गरिएकोले शेयर खरिद गरेको अवधि पनि २०७२/१२/२६ सम्म मात्र कायम गर्नुपर्ने देखिई आरोपपत्रको पृष्ठ १५, १६, १७, १८ र १९ को सि.नं. ८० सम्मको शेयर खरिद रकम रु. ४,६३,०८,४५५।— रहेको देखिँदा सो रकम व्ययमा गणना गर्नुपर्ने देखिएको।

**(घ) तारा बहादुर थापालाई दिएको सापटी रकमः**

यस शीर्षकमा आयोगबाट प्रतिवादी ऋषिराम अर्यालले मौकाको बयानमा खुलाइदिए अनुसार जम्मा रु. २,००,०००।— कायम गरिएकोमा प्रतिवादीले अदालतमा बयान गर्दा तारा बहादुर थापालाई कुनै रकम सापटी दिएको छैन भनी जिकिर लिएको देखिन्छ। यस सम्बन्धमा, प्रतिवादीले तारा बहादुर थापालाई बैङ्किङ्ग कारोबारको माध्यमबाट सापटी दिएको नदेखिएको र वादी पक्षले सापटी दिएको तथ्य वस्तुगत प्रमाणबाट स्थापित गर्न सकेको समेत नदेखिँदा सो सापटी रकम प्रतिवादीको व्ययमा गणना गर्न मिल्ने नदेखिएको।

(ङ) प्रतिवादी ऋषिराम अर्यालको जाँच अवधिको व्यय सम्बन्धमा आयोगबाट **एल.डी. इन्टरप्राइजेज प्रा.लि. बाट प्राप्त नाफा तथा आय वापत तिरेको** नरहेको।

(च) आयोगले गणना नगरेका तर प्रतिवादीले जिकिर लिएका आयका थप शीर्षकहरु **दान दक्षिणा** रु. १,२५,०००।—; **कृषि आय** रु. २,१०,०००।—; **पसलको आय** रु. ७,९२,०००।—; **पसल बिक्रीबाट प्राप्त** रु. ५,५०,०००।—; **घर बहाल आय** रु. २,७०,०००।—; **गाडी भाडा** रु. ३,४५,६००।—; **विष्णु अर्यालको पारिश्रमिक** रु. ५,०८,३७४।—; **दिवाकर अर्यालको पारिश्रमिक** रु. ६,१०,९०८।— र **चुडामणि अर्यालको पारिश्रमिक** रु. ६,२१,०४७।— प्रतिवादीको आयमा कायम गरी सम्मानित विशेष अदालतबाट भएको फैसाला उपर पुनरावेदक/वादीको अन्यथा जिकिर नरहेको।

(इ) <u>व्ययतर्फः</u>

**(क) प्रतिवादी ऋषिराम अर्याल तथा निजको परिवारका सदस्यहरुका नाममा विभिन्न बैंक तथा वित्तीय संस्था एवं कम्पनीहरुका साधारण तथा संस्थापक शेयर खरिदः**

- प्रतिवादी ऋषिराम अर्याल र निजका परिवारका सदस्यहरुका नाममा विभिन्न बैंक तथा वित्तीय संस्था एवं कम्पनीहरुका साधारण तथा संस्थापक शेयरहरु खरिदमा रु. ९,१३,७८,१२१।— खर्च तथा लगानी गरेको रकमलाई प्रतिवादीको व्ययमा कायम गरिएको।
- अदालतबाट प्रतिवादीको जाँच अवधि मिति २०७२/१२/२६ सम्म मात्र कायम गरिएकोले शेयर खरिद गरेको अवधि पनि मिति २०७२/१२/२६ सम्म मात्र कायम गर्नुपर्ने देखिएको भनी यसै पुनरावेदनपत्रको प्रकरण नं. ५(अ) मा गरिएको विवेचना र सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त तथा मान्यता विपरीत यस शीर्षकमा रु. ४,६३,०८,४५५।— कायम हुने गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण रहेको।

(ख) आयोगबाट **घर निर्माण लागत** रु. ४१,१०,४२५।— र **जग्गा खरिद (रजिष्ट्रेशन दस्तुर समेतको खर्च लगानी)** रु. ५,४४,८५,८५४।— प्रतिवादीको व्ययमा कायम गरिएकोमा उक्त व्यय शीर्षकहरुमा क्रमशः रु. ३२,८८,३४०।— र रु. २,२४,४२,२००।— प्रतिवादीको व्ययमा कायम गरी सम्मानित विशेष अदालतबाट भएको फैसला उपर पुनरावेदक/वादीको अन्यथा जिकिर नरहेको।

(ग) आयोगबाट **तारा बहादुर थापालाई दिएको सापटी रकम** रु. २,००,०००।— प्रतिवादीको व्ययमा कायम गरिएकोमा उक्त व्यय शीर्षकमा शून्य अङ्क कायम गरी सम्मानित विशेष अदालतबाट भएको फैसला उपर पुनरावेदक/वादीको अन्यथा जिकिर नरहेको।

प्रस्तुत मुद्दामा आयोगबाट **रु. १७,८३,४१,५७९।— (अक्षरेपि सत्र करोड तिरासी लाख एकचालिस हजार पाँच सय उनासी मात्र)** बिगो कायम गरिएकोमा

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | **आयकर** रु. २,२३,६११।—; **विभिन्न बैंक तथा वित्तीय संस्थाहरुबाट लिएका कर्जा चुक्ता प्रयोजनमा सम्बन्धित संस्थालाई तिरेबुझाएको साँवा ब्याज** रु. १,७६,४६,२६३।—; **मन्दिरलाई दिएको दान रकम (निजले खुलाईदिए अनुसार)** रु. ६,३५,०००।—; **जग्गा बिक्रीबाट प्राप्त रकम वापत सम्बन्धित संस्थामा तिरेबुझाएको पूँजिगत लाभकर** रु. २,७२,५१५।—; **छोरा छोरीहरुका लागि भए गरेको शैक्षिक खर्च** रु. २०,३२,३६६।—; **सवारी साधन खरिद** रु. १२,००,०००।—; **विभिन्न बचत तथा सहकारी संस्थाहरुमा भए गरेको लगानी** रु. २,५०,०००।—; **अम्बिका प्रसाद पौडेललाई चेक मार्फत दिएको रकम** रु. ४,४१,९८,०००।— र **प्रतिवादी ऋषिराम अर्याल तथा निजका परिवारका सदस्यहरुका नाममा रहेका विभिन्न बैंक खाताहरुमा देखिएको अन्तिम मौज्दात रकम** रु. १५,७६,७४८।— कायम गरिएकोमा प्रतिवादीको अन्यथा भनाइ रहेको नदेखिँदा थप विवेचना गरिरहन पर्ने नदेखिएको।<br>**(च)** प्रतिवादी ऋषिराम अर्यालको अन्यथा जिकिर रहेकोमा आयोगको दावी बमोजिम नै **उद्योगमा भए गरेको लगानी खर्च** रु. ४,४२,५०,०००।—; **प्रतिवादी ऋषिराम अर्याल तथा निजको छोरा प्रतिवादी सुशिल अर्याल समेतको जीवन बीमा वापत तिरे बुझाएको बीमा प्रिमियम** रु. ४,१०,१५९।—; **छोरा छोरीको विवाह खर्च** रु. २८,००,०००।— र **सुन खरिद** रु. ४,००,०००।— प्रतिवादीको व्ययमा कायम हुने गरी सम्मानित विशेष अदालतबाट फैसला भएको देखिएको। | माथि विवेचित आधार, कारण र मिसिल संलग्न प्रमाणहरुबाट आयोगको मागदावी तथा जिकिर, प्रतिवादीको जिकिर र सम्मानित विशेष अदालतको मूल्याङ्कन समेतका आधारमा प्रतिवादीले जम्मा **रु. १४,०३,७०,२४२।— (अक्षरेपि चौध करोड तीन लाख सत्तरी हजार दुई सय बयालिस मात्र)** बराबरको सम्पत्ति गैरकानुनी रुपमा आर्जन गरेको पुष्टि भएको।<br><br>अतः माथि विवेचित आधार, कारण र मिसिल संलग्न प्रमाणहरुबाट आयोगले कायम गरेको प्रतिवादी ऋषिराम अर्यालको जाँच अवधिको व्यय जम्मा **रु. २३,३०,०३,३२३।— (अक्षरेपि तेइस करोड तीस लाख तीन हजार तीन सय तेइस मात्र)** र जाँच अवधिको वैधानिक आय **रु. ९,२६,३३,०८१।— (अक्षरेपि नौ करोड छब्बीस लाख तेत्तीस हजार एकासी मात्र)** देखिएकोले निज प्रतिवादीले **रु. १४,०३,७०,२४२।—(अक्षरेपि चौध करोड तीन लाख सत्तरी हजार दुई सय बयालिस मात्र)** बराबरको सम्पत्ति गैरकानुनी रुपमा आर्जन गरेको पुष्टि भएको। सम्मानित विशेष अदालतबाट आंशिक वादी दावी पुग्ने ठहर गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण रहेकोले उक्त त्रुटिपूर्ण फैसला बदर गरी प्रस्तुत पुनरावेदन जिकिर बमोजिम प्रतिवादी ऋषिराम अर्यालले गैरकानुनी रुपमा सम्पत्ति आर्जन गरी अर्का प्रतिवादीहरुका नाममा उक्त गैरकानुनी रुपमा आर्जन गरेको सम्पत्ति राखी भ्रष्टाचार गरेको ठहर गरी आयोगको मागदावी तथा पुनरावेदन जिकिर बमोजिम सजाय गरी सम्पत्ति जफत गरी पाउन मागदाबी लिइएको। |